मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Executive Municipal
मकरवानपुर, मकवानपुर
Makrwanchuli, Makawanpur

makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश,नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref.): २०७८/०७९
चलानी नं. (Dispatch no.) : ४५६

मितिः२०७८|०५|३१

श्री वडा कार्यालय,सबै
मकवानपुरगढी गाउँपालिका

**विषयः मतदाता नामावली संकलन तथा अध्यावधिक सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश निर्वाचन आयोगको प.स.च.न. २०७८|०७९/४१, मिति २०७८|०५|२९ गते तथा निर्वाचन आयोगको प.स.च.न. २०७८|०७९ नामावलि/२.१/१३, मिति २०७८|५|१६ को प्राप्त पत्र यसै साथ संलग्न गरि पठाईएको छ ।सोहि पत्रबाट व्यहोरा बुझि आवश्यक कार्यन्वयन गराउन हुन अनुरोध छ ।

.......................................
राम कुमार पुडासैनि
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं. ०७८।०७९
च.नं. ४१

मिति: २०७८।०५।२१

विषयः मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धमा ।

श्री मकवानपुरगढी गाँउपालीकाको कार्यालय,
मकवानपुर ।

प्रस्तुत विषयमा मतदाता नामावली संङ्कलन तथा अद्यावधिक सम्बन्धमा निर्वाचन आयोगको प.स.च.नं २०७८।०७९,नामावली/२.१/१३, मिति २०७८।५।१६ को प्राप्त पत्र यसै साथ संलग्न गरि पठाईएको छ । उक्त पत्रको व्यहोरा सबै वडा कार्यलयहरुलाई जानकारी गराइ मतदाता नामावली संङ्कलन तथा अद्यावधिक कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

..............
गोविन्द प्रसाद पौडेल
शाखा अधिकृत

मकवानपुरगढी गाउँपालिका
दर्ता नं.: १०५
दर्ता मिति: २०७८।०५।३१
हस्ताक्षर: ..............

हेटौंडा, मकवानपुर, फोन नं ०५७५२४६८६, फ्याक्स नं. ०५७५२१९८६,Email-ec.deo.mkpur@gmail.com

"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

Scanned with CamScanner

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)


२०७५/७६/नामावली/२.१/९३

मिति: २०७५/०[illegible]/[illegible]

श्री प्रदेश निर्वाचन कार्यालय, ७ जिल्ला ।
श्री जिल्ला निर्वाचन कार्यालय, ७७ जिल्ला ।

विषय:- निर्देशन सम्बन्धमा ।

मतदाता नामावली सङ्कलन कार्यको व्यवस्थापन तथा सञ्चालन र नामावली सङ्कलनका लागि आवश्यक पर्ने प्रमाणहरूका सम्बन्धमा सबै निर्वाचन कार्यालयहरूको बुझाई तथा कार्य गराईमा एकरूपता कायम होस् भनी आयोगबाट मिति २०७५/५/१५ मा निर्वाचन कार्यालयहरूलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय भएकों हुँदा निर्णयानुसार गर्नु गराउनुहुन अनुरोध छ ।

<u>मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धमा निर्वाचन कार्यालयहरूलाई निर्देशन:-</u>

१. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धमा:-

(क) सम्बन्धित जिल्लाभित्रको कुनै पनि गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम दर्ता गराउन चाहने नागरिकले जिल्ला भित्रको निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय वा मतदाता नामावली सङ्कलन भइरहेको जुनसुकै इलाका प्रशासन कार्यालयबाट पनि नाम दर्ता गराउन सक्ने ।

(ख) मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, नाम हटाउने, ठेगाना परिवर्तन गर्ने तथा दावी विरोध सम्बन्धी निवेदन, सूचना तथा उजुरीहरू निर्वाचन कार्यालयले मात्रै लिने र निर्वाचन अधिकारीले सो सम्बन्धमा निर्णय गर्ने ।

२. मतदाता नामावलीमा नाम दर्ता गर्न चाहने नागरिकले पेश गर्नुपर्ने प्रमाण कागजात सम्बन्धमा:-

(क) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र अनिवार्य हुने । नागरिकतामा उल्लेख भएको स्थायी ठेगानामा नाम समावेश गर्न चाहनेको हकमा नेपाली नागरिकताको प्रमाणपत्र बाहेक अन्य थप प्रमाण आवश्यक नपर्ने ।

(ख) नागरिकतामा उल्लेख भएको स्थायी ठेगाना भन्दा फरक स्थानको मतदाता नामावलीमा नाम समावेश गर्न चाहेको भए देहाय बमोजिमको थप प्रमाण अनिवार्य पेश गर्नुपर्ने -

- ✓ नाम दर्ता गर्न चाहेको स्थानमा बसाई सरी आएकोमा बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि (एउटै स्थानीय तहभित्रको फरक वडाको हकमा समेत),
- ✓ नाम दर्ता गर्न चाहेको स्थानमा विवाह भई आएकोमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि,



Scanned with CamScanner

(ग) मतदाता नामावली ऐन, २०७३ को दफा ७ को उपदफा (१) बमोजिम कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा बसोबास गर्दै आएको व्यक्ति भन्नाले बुँदा नं. (क) वा (ख) बमोजिम पेश गरेको प्रमाणमा उल्लेख भएको ठेगानामा बसोबास गर्ने व्यक्तिलाई मात्र बुझ्नु पर्नेछ । कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा बसोबास गर्दै आएको भनी सिफारिस गरिएका अन्य प्रमाणलाई स्थायी ठेगानाको आधार नमान्ने ।

(घ) नाम दर्ता गराउन आएको व्यक्तिको नागरिकताको प्रमाणपत्रमा जन्म मिति, उमेर वा बासस्थान अस्पष्ट वा उल्लेख नभएको अवस्थामा मात्र मतदाता नामावली ऐन, २०७३ को दफा ११ को उपदफा (१) र (२) बमोजिमको थप प्रमाणहरू माग गरी स्पष्ट हुने ।

३. सङ्कलन कार्य तथा डाटा व्यवस्थापन सम्बन्धमा:-

(क) मतदाता नामावलीमा नाम दर्ता गर्न आउने नागरिकहरूको चाप धेरै भएको अवस्थामा कार्यालयमा उपलब्ध जनशक्तिले अधिकतम दैनिक कति सम्म विवरण सङ्कलन गर्न सक्छ, सोही आधारमा सम्बन्धित सेवाग्राहीको पालो आउने मिति तथा समय उल्लेख गरी टोकन दिने व्यवस्था मिलाउने.

(ख) कुनै एक स्थानमा मात्र भिडभाड नहुने गरी निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा सेवाग्राहीको प्रवाह करिब बराबर हुने गरी व्यवस्था मिलाउन जिल्लास्थित राजनीतिक दलहरू तथा अन्य सरोकारवालासग अनुरोध गर्ने.

(ग) कार्यालयमा उपलब्ध सबै जनशक्तिलाई नामावली सङ्कलन कार्यमा सक्रिय सहभागी गराई सेवा प्रवाह चुस्त र दुरुस्त बनाउने ।

(घ) निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासनमा कार्यालय खटिने दर्ता कर्मचारीलाई दैनिक रूपमा सङ्कलन भएको डाटाको ब्याकअप लिन र सोको सङ्ख्यात्मक अभिलेख अनिवार्य रूपमा राख्न लगाउने ।

(ङ) जिल्ला प्रशासन कार्यालयमा तथा इलाका प्रशासन कार्यालयबाट सङ्कलन भएको डाटाको ब्याकअप ३० (तिस) दिनभित्र निर्वाचन कार्यालयमा प्राप्त भइसक्ने गरी व्यवस्था मिलाउने । त्यस्तो डाटा साथ उक्त अवधिसम्मको व्यक्तिगत विवरण सङ्कलन फाराम समेत प्राप्त गरी निर्वाचन कार्यालयले रुजु समेत गर्ने ।

(दीपक पौडेल)
शाखा अधिकृत



Scanned with CamScanner